**मिति २०८१।१२।३१ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को एघारौं नगर कार्यपालिका बैठकको निर्णयहरु:**

**निर्णय नं. १** सडक बोर्ड नेपाल र गैंडाकोट नगरपालिकाको लागत साझेदारी मार्फत आ.व.२०८०/०८१ मा सञ्चालित सडक मर्मत संभार ठेक्का नगरपालिकाको आन्तरिक आयबाट व्यहोर्ने र आ.व.२०८१/०८२ को लागि स्थानीय सडक मर्मत संभार कार्यको लागि विनियोजन भएको रु ५५ लाख बजेट र नगरपालिकाको तर्फबाट रु ३० लाख थप गरी जम्मा रु ८५ लाख बजेटबाट देहाय बमोजिमका योजनाहरु कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

| क्र.सं. | योजना/ आयोजनाको नाम | ठेगाना / वडा | कैफियत |
|---|---|---|---|
| १ | भेडाबारी देखि दमार बाटो | गैंडाकोट-११ | |
| २ | चुवाडी देखि शिवमन्दिर बाटो | गैंडाकोट-११ | |
| ३ | संगमचोक देखि पश्चिम लालकृष्ण श्रेष्ठको घरसम्मको बाटो | गैंडाकोट-१० | |
| ४ | सिख्रौली मार्ग | गैंडाकोट-१३ | |
| ५ | टाउन भागर बाटो | गैंडाकोट-१४ | |
| ६ | शान्ति मार्ग मालपुर देखि हर्कपुर | गैंडाकोट-१२ | |
| ७ | शिवालय मार्ग देखि गुहेखोला | गैंडाकोट-४ | |
| ८ | महिला कल्याणकारी मार्ग | गैंडाकोट-५ | |

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको तर्फबाट आगामी वर्ष २०८१/०८२ को लागि प्रदेशका समपुरक र बिशेष अनुदान अन्तर्गत देहायका योजनाहरु माग गरी पठाउने निर्णय गरीयो।

| | |
|---|---|
| | **समपुरक अनुदान तर्फ** |
| १ | रिगंरोड वडा नं.(१०-१७) |
| २ | भागर हुदै वडा नं. १८ जाने बाटो निर्माण |
| ३ | वडा नं. ५ र १८ को वडा कार्यालय भवन निर्माण |
| | **विशेष अनुदान तर्फ** |
| १ | झरही खोला तटबन्धन वडा नं. १५ र १७ |
| २ | बेल्डिया खोला तटबन्धन वडा नं. ११,१२,१३,१४ र १६ |
| ३ | जयश्री खोला तटबन्धन वडा नं. ३,४,७,८ र ९ |

**निर्णय नं. ३** आ.व.२०८२/०८३ को लागि गण्डकी प्रदेश मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको लागि मिति २०८१।१२।२२ गते प्रकाशित सूचना बमोजिम गैंडाकोट नगरपालिकाको तर्फबाट सिमसार क्षेत्र संरक्षणको लागि वडा नं. ८ को ढवाह ताल संरक्षण र वडा नं. १२ मा रहेको मालपुर शिर सिमसार क्षेत्र संरक्षणको प्रस्ताव तयार गरी मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरामा पठाउने र उक्त कार्यक्रम सम्पन्न गर्न आवश्यक पर्ने लागत साझेदारी बराबरको रकम नगरको आन्तरिक श्रोत बाट व्यवस्थापन गर्ने तथा कार्यक्रम कार्यन्वयनको चरणमा सम्पर्क व्यक्तिको रुपमा वन,वातावरण तथा विपद व्यवस्थापन शाखाका कर्मचारी श्री शंकर कंडेललाई तोक्ने निर्णय गरियो।

**निर्णय नं. ४** गैंडाकोट नगरपालिकाको नगर शिक्षा समितिको मिति २०८१/१२/२९ को बैठकबाट भएको सिफारिसका आधारमा विद्यालय/शिशु स्याहार केन्द्रबाट नयाँ स्थापना, कक्षा थप तथा विषय थप माग सम्बन्धमा गैंडाकोट नगरपालिकामा विद्यालय सञ्चालन, व्यवस्थापन तथा नियमनका सम्बन्धमा बनेको कार्यविधि २०७५ अनुसार गैंडाकोट नमूना सेकेन्डरी इङ्लिस स्कुलको कक्षा १२ मा होटल व्यवस्थापन पढाई गर्न माग भएकोमा कक्षा ११ मा सोही कार्यक्रमको स्वीकृत लिईसकेकोले कक्षा १२ होटल व्यवस्थापन पढाई गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो।

इचिन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ति कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत बजेट बमोजिमका देहाय अनुसारका कार्यहरुको प्रस्तुतीकरण अनुमोदन गर्ने निर्णय गरियो ।

१. गैंडाकोट नगरपालिकाका ५ नं. वडा कार्यालय भवन को नयाँ भवन निर्माणको लागि तयार भएको DPR प्रस्तुतीकरण परामर्शदाताको रुपमा छनोट भएको संस्था अग्नीधोज कन्सल्टेन्सि, कागेश्वरी मनोहरा ,काठमाण्डौंका तर्फबाट गरेको प्रस्तुतीकरणलाई विज्ञहरुको समेत पृष्ठपोषणको आधारमा अनुमोदन गर्ने ।

२. गैंडाकोट नगरपालिकाको भवन तथा नक्सा अभिलेखीकरण शाखाको घर नक्साहरुको पुरानो कागजपत्रहरुको अभिलेखीकरणलाई डिजिटाईजेसन गर्ने प्रयोजनका लागि नव्य टेक्नोलोजी प्रा.लि. बुद्धनगर काठमाण्डौं परामर्शदाताको रुपमा छनोट भई कार्य गरेकोले उक्त संस्थाको तर्फबाट पेश भएको हालसम्मको कार्यको अनुमोदन गर्ने छुट भएको बाँकी डिजिटाईजेसनको कार्य गर्न कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ६** नेपाल नगरपालिका संघ, टाईम्स् ब्रोडकाष्टिङग नेटवर्क प्राईभेट लिमिटेड प्राईम टाईम्स् टेलिभिजन एचडी काठमाण्डौं र गैंडाकोट नगरपालिकाको कार्यालय वीच भएको सम्झौता बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिका वडाहरु / समितिबाट विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्तित योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| १६ | तोरी पेल्ने मेशिन (लागत साझेदारी ५०%) नवौं कार्यपालिकाबाट विनियोजित | रु.६,००,०००/- | शिव मार्ग बाटो ढलान ( बाटो नं.१ र २ निर्माण) | रु.१०,००,०००/- |
| ५ | व्यायम तथा योग कक्षा केन्द्रित क्र.सं.४१० | रु.१,००,०००/- | ओम नारायण मार्ग स्तरोन्नती | रु.१,००,०००/- |
| २ | शिव मार्ग (क्र.सं.७८) | रु.५,००,०००/- | धौलागिरी टोल विकास संस्थाको भवन निर्माण | रु.५,००,०००/- |
| ८ | अगन्धरको घर देखि मुना पाण्डेको घरसम्म बाटोको वाल निर्माण क्र.सं.४८५ | रु.२,००,०००/- | बेलटारी टोलमा रहेको अपुरो बाटो निर्माण | रु.२,००,०००/- |
| शिक्षा | प्रस्तावका आधारमा उद्यमी युवाहरुलाई प्रोत्साहान कार्यक्रम (१६-४० वर्षका युवाले सञ्चालन गरेका वा गर्न पुरा तयारीमा रहेका रोजगार प्रवर्द्वन गर्ने कार्यक्रमका लागि क्र.सं.७३५) | रु.१०,००,०००/- | जिल्लास्तरीय राष्ट्रपति रनिंगसिल्ड प्रतियोगिता | रु.४,२०,०००/- |
| | | | जनप्रतिनिधि र कर्मचारी मैत्रिपूर्ण फुटवल प्रतियोगिता | रु.१,००,०००/- |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

CamScanner